जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १७५ २०७८ साल माघ २७ गते बिहीबार (10 Feb. 2022 Thursday) मूल्य रु. ५/-

सार्वजनिक पद र जिम्मेवारीमा रहेका व्यक्तिहरुले शक्तिको दुरुपयोग गरी गर्ने गैरकानूनी आर्जन भ्रष्टाचार हो ।

भ्रष्टाचार विरुद्ध सचेत होऔं । भ्रष्ट्राचार भएको शंका लागेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : यसकारण महत्वपूर्ण छ... ३ पृष्ठमा : प्रदेशसभामा प्रदेश प्रहरी ऐन ... ३ पृष्ठमा अफगानिस्तानलाई मानवीय ...

## एक सय ८ वर्षिय बरिष्ठ ज्येष्ठ नागरिक यादवको निधन



**दैनिक समाचारदाता**
**राजविराज, २६ माघ ।**

सप्तरीका बरिष्ठ ज्येष्ठ नागरिक १ सय ८ वर्षिय दुखो यादवको बुधबार बिहान आफनै घरमा निधन भएको छ ।

जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १४

*बाँकी तीन पृष्ठमा*

ॐ ॐ ॐ

यहि आउँदो फाल्गुन १७ गते हिन्दूधर्मावलम्वीहरुको महान् धार्मिक, सांस्कृतिक पर्वको रुपमा रहेको महाशिवरात्री महोत्सव एवम् पूजाअर्चना हर्सोल्लासका साथ मनाइने हुँदा सम्पूर्ण जिल्लावासी, नगरवासीमा आह्वान गरिन्छ कि प्राचिन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिर प्रांगणमा आवश्यक सल्लाह सुझाव एवम् छलफलको लागि उपस्थित भई दिनुहुन हार्दिक आमन्त्रण गर्दछौं ।

मिति : २०७८/१०/२९ गते शनिबार
समय : दिनको ०१:०० बजे
स्थान : मन्दिर प्रांगण (शिवालय)



प्रार्थी
श्री हरिनन्देश्वर महादेव मन्दिर संरक्षण सम्बर्द्धन समिति
राजविराज-७, सप्तरी




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## समाजमा हुने हानिकारक परम्परालाई अन्त्य गर्न आफैबाट सुरु गर्नु पर्नेमा जोड



**दैनिक समाचारदाता**
**राजविराज, २६ माघ ।**

राष्ट्रिय महिला आयोगको आयोजना र इन्सेकको संयोजनमा बुधबार राजविराजमा आयोजित 'समाजमा विद्यमान हानिकारक परम्परागत अभ्यास' सम्बन्धी अन्तरक्रिर्या कार्यक्रम सम्पन्न गरेको छ ।

सो अन्तरक्रियामा वक्ताहरुले समाजमा हुने हानिकारक परम्परागत अभ्यासलाई अन्त्य गर्न आफैबाट सुरु गर्नु पर्नेमा जोड दिएका छन् ।

कार्यक्रमका अध्यक्ष आयोगकी सदस्य जया घिमिरेले सबैको मन मष्तिष्कमा हिंसा नगर्ने, नगराउने सोंच र कसैले गरेमा प्रतिवाद गर्ने र पीडितको पक्षमा वकालत गर्ने क्षमता विकास गर्न जरुरी रहेको बताइन् ।

उनले सामाजिक रुपान्तरणका साथै राजनीतिक प्रतिबद्धता, सुझबुझपूर्ण राजनीतिक नेतृत्व र सही सोंचबाट सञ्चालित रुपान्तरणमुखी साझा अभियानका माध्यमबाट मात्र हानिकारक परम्परागत अभ्यासहरूको अन्त्य सम्भव रहेको उल्लेख गरिन् ।

कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति सप्तरीका

*बाँकी तीन पृष्ठमा*




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# यसकारण महत्वपूर्ण छ एमसिसीले अगाडि बढाएका प्रसारण लाइन

काठमाडौँ, २६ माघ (रासस)।

नेपालमा विद्युत् उत्पादन एकपछि अर्को गर्दै वृद्धि भइरहेको छ। नेपाल विद्युत् प्राधिकरणको प्रणालीमा हालसम्म दुई हजार १०० मेगावाट बराबर बिजुली जोडिएको छ। निर्माणका क्रममा तीन हजार ५०० मेगावाट क्षमताका आयोजना छन्।

यस्तै, निर्माणमा जाने तयारीमा झन्डै नौ हजार मेगावाट क्षमताका आयोजना छन्। जलविद्युत् उत्पादनमा एकपछि अर्को गर्दै सफलता हासिल हुँदै गए पनि प्रसारण प्रणालीको अभावमा एक स्थानमा उत्पादन भएको बिजुली अर्को स्थानमा लैजान भने समस्या उत्पन्न भएको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको बुझाइमा प्रसारण लाइन र त्यसको एउटा टावर निर्माण गर्नु एउटा आयोजना जस्तै बन्न पुगेको छ। अनेकन जटिलता र व्यवधानका कारण प्रसारण लाइन निर्माणको काम असाध्यै जटिल बन्न पुगेको छ।

काठमाडौँ उपत्यकामा बढ्दो सहरीकरणका कारण हरेक वर्ष बिजुलीको माग थप हुँदै गएको छ। तर विद्यमान प्रणालीले मात्रै आगामी दिनको माग धान्न मुस्किल पर्ने देखिन्छ। त्यसका लागि वैकल्पिक प्रसारण प्रणाली आवश्यक भइसकेको छ।

सोही आवश्यकतालाई दृष्टिगत गर्दै सरकारले काठमाडौँको नाइलेभारेदेखि नुवाकोटको रातमाटे हुँदै ४०० केभी क्षमताको प्रसारण लाइन निर्माण गर्ने योजना अगाडि सारेको हो। यो परियोजना प्राधिकरणको गुरुयोजनाअनुसार नै निर्माण गर्न लागिएको हो। उक्त प्रसारण लाइन तनहुँ हुँदै एउटा नवलपरासी पुग्नेछ भने अर्को लाइन हेटौँडातर्फ जाने छ।

कूल ३१२ किलोमिटर लामो उक्त प्रसारण प्रणालीलाई काठमाडौँ उपत्यकाको मेरुदण्डका रूपमा समेत लिइएको छ। यस्तै, प्रमुख सहरहरू पोखरा, हेटौँडा, नारायणगढ र बुटवललाई समेत सोही प्रसारण प्रणालीमा जोडिनेछ। यसबाट बढी बिजुली माग हुने क्षेत्रमा सहज रूपमा उपलब्ध हुन्छ।

एमसिसीले उपलब्ध गराउने ४० करोड अमेरिकी डलर अनुदान सहायताले बन्ने ४०० केभी क्षमताको लप्सीफेदी, रातमाटा, दमौली तीनवटा सबस्टेसन निर्माण हुनेछ। नुवाकोटको रातमाटामा निर्माण हुने सबस्टेसनमा प्रस्तावित रसुवागढी-केरुङ ४०० केभी क्षमताको प्रसारण लाइन पनि जोडिनेछ। प्राधिकरणले निर्माण गर्ने बुटवल-गोरखपुर ४०० केभीको नेपाल-भारत सीमासम्मको २२ किमी अन्तर देशीय प्रसारण लाइन पनि यसैमा जोडिन्छ।

नेपालको बिजुलीको आन्तरिक खपतका लागि विद्युत् प्रसारण लाइन निर्माण गर्नुपर्ने तथा बढी भएको बिजुली भारतमा निकासी गर्न पनि यो परियोजना अत्यावश्यक रहेको ऊर्जा उद्यमी एवम् स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इपान)का केन्द्रीय कार्यसमिति सदस्य प्रकाश दुलालको भनाइ छ।

उहाँले प्रसारण लाइन बनाउनु हुँदैन भन्नेहरूले दैनिक १८ घन्टा विद्युत्भार कटौतीको अन्त्य नेपालले भारतबाट विद्युत् आयात गरेर गरेको तथ्य थाहा नभएर वा आजको व्यावहारिक युगमा तुलनात्मक लाभको वस्तु उत्पादन गरेर विश्व बजारमा बेच्ने मान्यता विपरीत रहेको बताउनुभयो।

**लगानी डुब्ने जोखिम**

सो प्रसारण लाइनमार्फत तामाकोसी वा भोटेकोसी कोरिडोरका आयोजनाको बिजुली जोडिनेछ। यस्तै रसुवा नुवाकोटको नदी कोरिडोरमा निर्माणका क्रममा रहेका र निर्माणमा जाने तयारीमा रहेका अधिकांश जलविद्युत् आयोजनाको बिजुली जोडिनेछ।

ऊर्जा उद्यमी ज्ञानेन्द्रलाल प्रधानका अनुसार हाल निर्माण भइरहेका तीन हजार मेगावाट क्षमताभन्दा बढी आयोजना सोही प्रसारण लाइनको वरिपरि निर्माण भइरहेकाले पनि असाध्यै बढी महत्वपूर्ण छ।

प्रसारण लाइनको अभावमा सरकार र निजी क्षेत्रको लगानी डुब्ने, बैंक तथा वित्तीय संस्थासमेत डुब्ने र देशसमेत आर्थिक रूपमा समस्यामा पर्ने भएकाले कुनै पनि द्विविधा नराखी निर्माण गर्नुपर्ने उहाँको भनाइ छ। सो प्रसारण लाइनको आसपास मात्रै निजी क्षेत्रले झन्डै रु छ खर्ब बराबरको लगानी गरेको छ।

निर्माणमा रहेका र निर्माणमा जान लागेका आयोजनाको बिजुली बढी माग हुने सहरी क्षेत्रमा पुऱ्याउन एवम् भारत र बङ्गलादेश निर्यातका लागि पनि यो प्रसारण लाइन आवश्यक रहेको प्रधानको भनाइ छ।

यस्तै, बूढीगण्डकी एवम् कालीगण्डकी करिडोरमा निर्माण हुने बिजुलीसमेत सोही प्रसारण लाइनमा जोडिनेछ। विद्युत् उत्पादन हुने स्थानबाट आवश्यक रहने स्थानमा बिजुली पुऱ्याउन महत्वपूर्ण मानिएको सो प्रसारण लाइनलाई अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसनले लगानी गर्न लागेको छ।

सो प्रसारण लाइन प्रस्तावित नेपाल भारत दोस्रो अन्तरदेशीय प्रसारण लाइनमा पनि जोडिने भएकाले यहाँ बढी भएको बिजुली भारत र बङ्गलादेशको बजारमा पुऱ्याउनसमेत सहयोगी बन्ने छ। नेपाल र भारतबीच समान लगानीमा ४०० केभी क्षमताको न्यू बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण हुने सहमति भइसकेको छ।

सरकारी विवरणअनुसार करिब ८३ हजार मेगावाट क्षमता बराबरको विद्युत् उत्पादन सम्भावना भए पनि हाल देशमा दुई हजार १०० मेगावाट अर्थात् करिब दुई प्रतिशत मात्रै उत्पादन भएको छ।

हाल सरकारी क्षेत्रबाट ६१० र निजी क्षेत्रबाट तीन हजार ५०६ मेगावाट क्षमताका आयोजना निर्माणाधीन छन्। यस्तै निजी क्षेत्रबाट दुई हजार १४१ मेगावाट क्षमताका आयोजना विद्युत् खरिद सम्झौता (पिपिए) भई निर्माणको चरणमा छन्। कूल एक हजार ८५२ मेगावाट क्षमताका आयोजनाको विद्युत् जडान सम्झौता सम्पन्न भई पिपिएको प्रतिक्षामा छन्।

सरकारले सीमापार विद्युत् व्यापारका लागि आवश्यक विद्युत् प्रसारण लाइनको निर्माण गर्न नसकेर तीन वर्षदेखि कुनै पनि आयोजनाको पिपिए भएको छैन। निजी क्षेत्रका ७२ मेगावाट आयोजनाले सर्वेक्षण कार्य सम्पन्न गरेर विद्युत् जडान सम्झौताका लागि आवेदन दिए पनि विद्युत् जडान सम्झौता रोकिएको छ। सरकारले प्रतिस्पर्धाका आधारमा वा बजारको सुनिश्चितता भएपछि मात्रै पिपिए गर्ने बताउँदै आएको छ।

ऊर्जा उद्यमी दुलालका अनुसार जलविद्युत् आयोजनाको पहिचान, अध्ययन र विकासका लागि निजी क्षेत्रले हालसम्म करिब रु १२ खर्ब लगानी गरिसकेको छ भने आगामी पाँच वर्षमा थप रु १७ खर्बभन्दा बढी लगानी गर्नेछ।

**काठमाडौँ उपत्यकाका लागि झनै आवश्यक**

नेपालको हालसम्मै ठूलो केवलकार परियोजना अगाडि बढाउन लाग्नुभएका उद्यमी एवम् विश्लेषक अरुणकुमार सुवेदीका अनुसार काठमाडौँ उपत्यकाको विद्युत्को माग र आपूर्तिको सन्तुलन मिलाउनका लागि पनि ४०० केभी क्षमताको प्रसारणलाइन जरुरी रहेको बताउनुहुन्छ। हाल काठमाडौँ उपत्यकामा हेटौँडाबाट २२० केभी लाइन, नुवाकोटबाट २२० केभी लाइन र किनेटार हुँदै अर्को लाइन काठमाडौँ उपत्यकामा भित्रिएको छ। विद्युतीय सवारी साधनको प्रयोगमा बढावा दिन र हरेक घरमा विद्युतीय चुल्होको प्रयोग बढाउन पनि उच्च क्षमतामा प्रसारण राजमार्गहरू आवश्यक पर्ने उहाँको भनाइ छ।

सङ्घीय राजधानीसमेत भएकाले आगामी दिनमा मेट्रो रेलको आवश्यकता झनै बढेर गएको छ। त्यसका लागि ठूला क्षमताका प्रसारण लाइन हाम्रा लागि आवश्यकता र बाध्यता दुवै बन्न पुगेको विश्लेषक सुवेदीको भनाइ छ। जनघनत्वका हिसाबले पनि बिजुलीको माग सम्बोधन गर्न तथा निर्माणमा रहेका आयोजनाको बिजुली जोडन पनि 'हाई भोल्टेज' लाइन जरुरी रहेकाले यसलाई बिना अवरोध अगाडि बढाउनुपर्ने सुवेदीको तर्क छ।

यसैगरी आगामी पाँच वर्षमा थप १३ हजार मेगावाट विद्युत् उत्पादन हुने र त्यसको प्रवाहका लागि उत्तर-दक्षिण, पूर्व-पश्चिम ४००, २२०, १३२ र ३३ केभी क्षमताका प्रसारण लाइन तथा सबस्टेसनको निर्माण र स्तरोन्नति गर्नु आवश्यक छ। त्यसका लागि मात्रै रु नौ खर्बभन्दा बढी लगानी आवश्यक पर्नेछ।

आगामी पाँच वर्षमा १३ हजार मेगावाट विद्युत् उत्पादन भएको खण्डमा जलविद्युत् क्षेत्रमा मात्रै करिब रु ३० खर्बको हाराहारीमा लगानी हुनेछ। जुन लगानी प्रत्येक वर्ष पाँच खर्ब ५० अर्बका दरले पूर्वाधार निर्माणमा खर्च गर्नुपर्छ। यो सरकारको हाल भैरहेको वास्तविक विकास खर्च भन्दा तेब्बरले बढी हुन जान्छ।

आगामी पाँच वर्षमा १३ हजार मेगावाट बराबरको आयोजना बनेको खण्डमा प्रतिवर्ष आठ लाख मानिसले रोजगारी पाउने र आयोजना निर्माण भइसकेपछि हरेक आयोजनामा १० जनाका दरले नियमित रूपमा एक लाख ३० हजार जनाले रोजगारी पाउनेछन्।

ती आयोजना निर्माणका क्रममा मात्रै राज्यले रु एक खर्ब ८० अर्ब बराबरको मूल्य अभिवृद्धि कर (भ्याट) प्राप्त गर्नेछ। आयोजना निर्माणपछि सरकारले वार्षिक रूपमा रु नौ अर्ब ३० करोड र १६ वर्षदेखि ३० वर्षसम्म रु ५३ अर्बका दरले रोयल्टी प्राप्त गर्नेछ।

आर्थिक लाभ एवम् हाल बनीरहेका आयोजनाको बिजुली सहज रूपमा आदानप्रदानका लागि पनि नाइलेभारेदेखि बुटवलसम्म निर्माण हुने ४०० केभी क्षमताको डबल सर्किट प्रसारण लाइन अत्यावश्यक रहेको ऊर्जा उद्यमी दुलालको भनाइ छ।

सरकारी एवम् निजी क्षेत्रका आयोजनामा भइरहेको लगानीको सुरक्षाका लागि पनि एमसिसीले प्रस्ताव गरेको प्रसारण लाइन जरुरी रहेको ऊर्जा उद्यमीहरूको भनाइ छ।

**नेपाल सरकार एमसिसी सम्झौता**

सरकार र एमसिसीबीच २०७४ भदौ २९ मा अनुदान सहायतामा हस्ताक्षर भएको हो। एमसिसीसँग २०६८ माघ ५ गते थ्रेसहोल्ड कार्यक्रम छनोट भएको हो। त्यतिबेला डा बाबुराम भट्टराई प्रधानमन्त्री र वर्षमान पुन अर्थमन्त्री हुनुहुन्थ्यो। यस्तै, विसं २०७० पुसमा विकासका अवरोध पहिचानका लागि विज्ञ समूह गठन भई प्रसारण लाइन र सडक निर्माणका लागि आग्रह गरियो।

एमसिसीबाट अनुदान लिन तत्कालीन खिलराज रेग्मी नेतृत्वको सरकारले आवेदन दिएको थियो। सोही आवेदनका आधारमा एमसिसीले २०७१ माघमा नेपाललाई अनुदान सहायता दिने निर्णय गरेको थियो।

त्यस्तै, २०७३ साउन ५ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले एमसिसी कम्प्याक्टको मस्यौदा तयार पारेर प्राविधिक सहायता स्वीकार गर्ने निर्णय गरेको हो। त्यसपछि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र अर्थमन्त्री कृष्णबहादुर महराले २०७४ जेठ १८ गते अनुदान सहायतासम्बन्धी सम्झौताको अन्तिम रुप दिन द्विपक्षीय वार्ता टोली गठन गर्नुभएको थियो।

प्रधानमन्त्री शेरबहादुर देउवाको अघिल्लो कार्यकालयमा मन्त्रिपरिषद्ले २०७४ साउन १० गते एमसिसीसँग सम्झौताका लागि स्वीकृति दियो। तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र एमसिसीका प्रमुख कार्यकारी अधिकृत जोनाथन स्नी नाशबीच २०७४ भदौ २९ गते अमेरिकाको वासिङ्टन डिसीमा एमसिसी सम्झौतामा हस्ताक्षर भयो।

तत्कालीन नेकपाका तर्फबाट प्रधानमन्त्री रहनुभएका ओली नेतृत्वको सरकारका अर्थमन्त्री डा युवराज खतिवडाले २०७५ पुस १३ गते कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई राय माग्दै सम्झौता सङ्घीय संसद्बाट अनुमोदन गर्नुपर्ने वा नपर्ने विषयमा पत्राचार गर्नुभयो।

सोही पत्राअनुसार २०७५ पुस २६ गते सम्झौताको धारा, ७ को प्रावधानअनुसार प्रतिनिधिसभाको सामान्य बहुमतबाट सम्झौता अनुमोदन गर्नु उपयुक्त हुने राय दिइयो। यस्तै, २०७५ असोज ६ गते एमसिसी परियोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रूपमा राख्ने निर्णय भयो। तत्कालीन प्रधानमन्त्री ओली र

बाँकी तीन पृष्ठमा

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रदेशसभामा प्रदेश प्रहरी ऐन कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्ताव पेश, जाँचबुझ आयोगसम्बन्धी विधेयक पारित

जनकपुर, २६ माघ (रासस)।
मधेस प्रदेशसभामा प्रदेश प्रहरी ऐन कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्ताव पेश भएको छ। प्रदेशसभाको बुधबारको बैठकमा प्रदेश सरकारका आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले सो सङ्कल्प प्रस्ताव पेश गर्नुभएको हो।

सङ्कल्प प्रस्ताव पेश गर्दै मन्त्री साहले प्रदेश प्रहरी ऐन कार्यान्वयन गर्न सङ्घीय सरकारलाई दबाब दिने उद्देश्यले सो सङ्कल्प ल्याएको बताउनुभयो। मधेस प्रदेश सरकारलाई प्रदेश प्रहरी गठन, सञ्चालन र भर्ना मा सङ्घीय सरकारले अवरोध गरेकाले प्रदेशसभामा सङ्कल्प प्रस्ताव ल्याएको मन्त्री साहले जानकारी दिनुभयो।

आफूले संविधान पाए पनि मधेसको दृष्टिकोणले पूर्ण संविधान नपाएको उल्लेख गर्दै मन्त्री साहले संविधानले अधिकारको अनुसूचीमा पहिलो नम्बरमा सुरक्षाको अधिकारको जिम्मा प्रदेश सरकारलाई दिएको भए पनि सङ्घीय सरकार सो अधिकार दिन नचाहेकाले सङ्कल्प प्रस्ताव ल्याउनुपरेको उल्लेख गर्नुभयो।

धेरै समयअघि प्रदेश सरकारले प्रहरीसम्बन्धी ऐन बनाइसकेपछि सङ्घीय सरकार प्रहरी समायोजन, भर्ना लगायतमा अवरोध गर्दै आएको मन्त्री साहले गुनासो गर्नुभयो। यही माघ २३ गते मन्त्री साहले प्रदेशसभामा उक्त सङ्कल्प प्रस्ताव दर्ता गराउनुभएको थियो। सरकारले पेश गरेको सङ्कल्प प्रस्तावमाथिको छलफलमा भाग लिँदै प्रदेशसभा सदस्यले सङ्घीय सरकारले अझै अधिकार दिन नचाहेकाले सङ्कल्प प्रस्ताव सर्वसम्मतबाट पारित गरी दबाब दिनुपर्ने बताएका छन्।

बैठकमा प्रदेशसभा सदस्य ज्ञानेन्द्रकुमार यादव, रवीन्द्र बैठा, जगतप्रसाद यादव, जैनुल राइन, परमेश्वर साह, शिवचन्द्र चौधरी, नरेशकुमार यादव, अभिराम शर्मा, किशोरी साह (कमल), रिना यादव, रामअशिष यादवलगायतले आआफ्ना धारणा राख्नुभएको प्रदेशसभा सचिवालयका सचिव रञ्जितकुमार यादवले जानकारी दिनुभयो।

यसैबीच बुधबारै बसेको प्रदेशसभा बैठकले मधेस प्रदेश सरकारद्वारा पेश भएको जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न ल्याएको विधेयक सर्वसम्मतले पारित गरेको छ। प्रदेश सरकारका आन्तरिक मामिला तथा सञ्चारमन्त्री साहले पेश गर्नुभएको सो विधेयकमाथि छलफलपश्चात् सर्वसम्मतले पारित भएको बैठकमा सभामुख सरोज यादवले सुनाउनुभयो।

मधेस प्रदेश सरकारले प्रदेशभित्रको सार्वजनिक महत्वका विषयमा जाँचबुझ गर्न आयोगको गठनसम्बन्धी विधेयक ल्याएको थियो। जाँचबुझ आयोगमा अदालतका पूर्वन्यायाधीश, मुख्य न्यायाधिवक्ता वा प्रदेश सरकारका बहालवाला सचिव, उपसचिव वा पूर्वसचिव वा उपसचिव र सम्बन्धित विषयका विज्ञसहित अन्य बढीमा दुई जना सदस्य रहने व्यवस्था छ। प्रदेशसभाको अर्को बैठक आगामी फागुन १ गते आइतबार दिउँसो बस्नेगरी स्थगित भएको प्रदेशसभा सचिवालयले जनाएको छ।

# स्थानीय तह निर्वाचनको तयारीमा जुट्यो दलित समुदाय

जनकपुर, २६ माघ (रासस)।
सरकारले स्थानीय तह निर्वाचनको मिति घोषणा गरेसँगै मधेस प्रदेशमा दलित समुदायले आफ्नो प्रतिनिधित्व बढाउन चुनाव केन्द्रित बहस र छलफल थालेको छ। दलित समुदाय अबको निर्वाचनमा आफ्नो समुदायका व्यक्तिलाई उम्मेदवार बनाउन र जिताउने योजनामा जुटेको हो।

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा जनप्रतिनिधिमा दलित र महिलाको प्रतिनिधित्व कसरी बढाउने भन्ने विषयमा दलित समुदायले समुदायस्तरमा बहस र छलफल सुरु गरेको हो। दलित सरोकार मञ्च नेपालको अगुवाइमा सुरु भएको निर्वाचन केन्द्रित बहस र छलफलमा सहभागी दलित समुदायका अगुवाले आफ्नो समुदायको प्रतिनिधित्व सुनिश्चितताका लागि स्थानीय तहमा दलित-दलितबीच प्रतिस्पर्धा गराउनुपर्नेमा जोड दिइएको छ।

स्थानीय तहमा दलितका लागि आरक्षणको व्यवस्था गरिनुपर्ने तथा एकै गाउँपालिका र नगरपालिकामा सधैँका लागि नभई केही समयका लागि दलितमात्र उम्मेदवार बन्न पाउने गरी संविधानमा व्यवस्था गरिनुपर्ने दलित अगुवाको सुझाव छ। सप्तरी, सिरहालगायत जिल्लामा दलित समुदायको जनसङ्ख्याका बढी भएकाले नगरपालिका र गाउँपालिका प्रमुखमा दलितलाई अनिवार्य उम्मेदवार बनाइनुपर्ने दलित अगुवा भोला पासवानले बताउनुभयो। "सिरहाको कूल जनसङ्ख्यामध्ये करिब २२ प्रतिशत दलित छन्", उहाँले भन्नुभयो, "कतिपय वडामा दलितको जनसङ्ख्या ३० प्रतिशतभन्दा बढी छ, ती वडाका वडाध्यक्षमा दलितलाई अनिवार्य अवसर दिनु पर्छ।"

सिरहाको १७ पालिकामध्ये कर्जन्हा नगरपालिकामा मात्र दलित समुदायका व्यक्ति नगरप्रमुख निर्वाचित छन्। दलित अगुवा रामप्रित रामले भन्नुभयो, "एकातिर पार्टीहरूले दलित समुदायलाई उम्मेदवारै बनाउँदैनन्, बनाइहाले पनि जिताउँदैनन्, गैर दलितले असहयोग गर्छन्।" दलित समुदायलाई सङ्गठित गर्दै चुनावी तयारीमा जुट्नुपर्ने उहाँको भनाइ छ।

संविधानमा जनसङ्ख्याका आधारमा समावेशी समानुपातिक प्रतिनिधित्वको कुरा उल्लेख भएपनि व्यवहारमा त्यो नदेखिएको दलित अगुवाको भनाइ छ। दलित महिलालाई आरक्षण दिएपछि पुरुष दलितलाई उम्मेदवार नबनाउने परिपाटीको विकास भएकाले पुरुषलाई प्रतिस्पर्धामा नउतारे दलित महिलाको कोटासमेत बहिष्कार गरेर राज्यलाई दबाब दिनुपर्ने उनीहरूको भनाइ छ।

दलित एकजुट भई दबाब दिनुपर्ने प्रा डा विजय मिश्र बताउनुहुन्छ। "वडास्तरमै दलितबीच छलफल चलाउनुपर्छ", उहाँले भन्नुभयो। मधेस प्रदेशको आठवटै जिल्लामा राजनीतिक पार्टीका दलित भातृ सङ्गठनका अगुवाको भेला गराएर सल्लाह सुझाव सङ्कलन गरिरहेको दलित सरोकार मञ्च नेपालका राजकुमार पासवानले जानकारी दिनुभयो। सङ्कलित सुझावका आधारमा राजनीतिक दललाई दलित र महिलाको प्रतिनिधित्व स्थानीय तहमा बढाउन दबाब दिने उहाँले बताउनुभयो।

### यसकारण महत्वपूर्ण ...

अर्थमन्त्री डा खतिवडाले २०६८ असार ३१ गते एमसिसीसँगको सम्झौता अनुमोदनका लागि सङ्घीय संसद् सचिवालयमा प्रस्ताव दर्ता पनि गराउनुभयो।

यसैगरी २०७६ असोज १२ गते नेपाल र एमसिसीबीच परियोजना कार्यान्वयनको सम्झौता भयो भने २०६७ असोज २५ र २६ गते भारतमा भएको नेपाल र भारतका ऊर्जा सचिवस्तरीय बैठकले न्यू बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माणसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेको र त्यसको जानकारी असोज २८ गते दिइयो।

### एक सय ८ ...

निवासी १ सय ८ बर्षिय यादवको घरमा सुतेकै अवस्थामा निधन भएको हो। उनी केहि दिनदेखी अस्वस्थ थिए।

उनी सोही वडाका अध्यक्ष सत्य नारायण यादवका बुबा हुन। जिल्लाकै सबभन्दा बढी उमेरका भनी अनुमान गरिएका यादवको निधन पछि बुधबार नै सप्तकोशी किनारमा जेठा छोरा रामप्रसादले दागबती दिइएको नाती सुर्य नारायण यादवले बताए।

मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवल किशोर साह, जसपाका केन्द्रिय कार्यकारिणी समितिका सदस्य एवं राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादव हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख शैलेश प्रसाद साह जसपा मधेश प्रदेश समितिका सदस्य सुरजित सिंह गुडु जसपाका जिल्ला अध्यक्ष केदार यादव लगायत ठुलो संख्यामा जसपाका नेता कार्यकर्ता र स्थानिय उनलाई श्रद्धाञ्जली दिन कोशी किनार पुगेका थिए।

मन्त्री साहले यादवको निधनले स्थानिय समाजलाई ठुलो क्षति पुगेको बताएका छन्। हनुमानानगर कंकालिनी नगरपालिकाका प्रमुख शैलेश साहले उनको निधनले दल विशेष मात्र नभएर विकास र सद्भाव चाहने सबैलाई क्षति भएको उल्लेख गरे।

### समाजमा हुने ...

प्रमुख प्रभाकर यादवले महिला पुरुष समान हुन तथा समाजमा भएका हानिकारक अभ्यासलाई अन्त्य गर्नु पर्छ भन्ने मनमा लागेपनि परम्परादेखि चलि आएको रिवाजलाई अन्त्य गर्न समय लागेको बताए।

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जनसङ्ख्याका साथै सरकारी सेवा, सम्पति र राजनीतिमा महिलाको पहुँच बढदै गएको र विभेदका धेरै कानूनहरू हटदै गएकोमा खुशी व्यक्त गरे।

यसअघि इन्सेक प्रतिनिधी मनोहर पोखरेलले "हानिकारक अभ्यास र जिल्लाको अवस्था : सरोकारवालाको भूमिका" विषयक कार्यपत्र प्रस्तुत गर्नुहुँदै संरचनागत बिभेद नै हिंसाको कारक रहेकोले नकारात्मक मानसिकता र व्यवहार परिवर्तन गर्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रममा राजविराज नगरपालिकाकी उपप्रमुख साधना झा, आम सञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष श्यामसुन्दर यादव, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, जिल्ला बार इकाईका अध्यक्ष डोमन साह, आदिवासी जनजाती महासंघका अध्यक्ष बृजमन तामाङ, गैसस महासंघ तथा सगरमाथा अपाङ्ग कल्याण संघका अध्यक्ष बलदेव मण्डल, सहयोगी समाजका रामप्रकाश चौधरी, बौद्धिक अपाङ अभिभावक संघका अध्यक्ष जगदीश अर्याल, पत्रकार अवधेश झा, सुधा देव, दिनानाथ यादव, करुणा झा, अधिवक्ताहरू मीनाकुमारी देव, अरबिन्द चौधरी, अनेमसंघ सप्तरीकी अध्यक्ष ममता चौधरी, मैथिली महिला परिषदकी प्रतिमा देव, अधिकारकर्मी नरेन्द्रनारायण साहुलगायतले समाजमा परम्परागत रुपमा चल्दै आएको हानिकारक अभ्यासका कारण हुने विभेदले समाजमा पारेको असर, निम्त्याएको घरेलु हिंसा, बलात्कार, बालविवाह, बहुविवाहले पार्ने असर लगायतका बारेमा जानकारी दिनुभयो।

कार्यक्रममा हिंसा विरुद्धको साझा प्रतिबद्धताको व्यानरमा सहभागीहरूले हस्ताक्षर गरेर प्रतिबद्धता जनाएका थिए।

## विश्व समाचार

### अफगानिस्तानलाई मानवीय सहायतास्वरुप तीन करोड २० लाख अमेरिकी डलर प्राप्त

काबुल, २६ माघ (रासस/सिन्ह्वा)।
अफगानिस्तानले मंगलबार मानवीय सहायतास्वरुप तीन करोड २० लाख अमेरिकी डलर बराबरको सहायता प्राप्त गरेको छ।

अफगानिस्तानको केन्द्रीय बैंकले मंगलबार सो जानकारी दिएको छ। अफगानिस्तानमा तालिबानी शासन सुरु भएपछि यहाँ विदेशी दाता संस्था तथा देशले सहयोग गरिरहेका छन्।

अफगानिस्तानलाई खाद्यान्न औषधि तथा अन्य आवश्यक सहयोग जारी रहेको र मंगलबार मात्र तीन करोड २० लाख अमेरिकी डलर बराबरको रकम सहयोग प्राप्त भएको सो बैंकले जानकारी दिएको छ।

अफगानिस्तानका लागि विभिन्न देश र संस्थाले सहयोग गरिरहेकामा मंगलबार पनि सो सहयोग आएको यहाँको केन्द्रीय बैंक एक विज्ञप्ति प्रकाशन गरेर जानकारी दिएको छ।

सो बैंकले उक्त सहयोगका लागि धन्यवाद दिँदै आगामी दिनमा पनि यस्तै सहयोगका लागि आग्रह गरेको छ।

### भारतमा थप ७१ हजार सङ्क्रमित, एक हजार २०० को मृत्यु

नयाँदिल्ली, २६ माघ (रासस/एएनआई)।
भारतमा कोरोनाभाइरसका कारण पछिल्लो एक दिनमा थप ७१ हजारभन्दा बढी सङ्क्रमित भएका छन्।

सरकारी अधिकारीले दिएको जानकारीअनुसार गत २४ घण्टामा ७१ हजार ३५६ नयाँ सङ्क्रमित भएका हुन्।

सङ्घीय स्वास्थ्य मन्त्रालयले सोही अवधिमा अरु एक हजार २१७ को मृत्यु भएको जनाएको छ। यससँगै भारतमा अहिलेसम्म कुल मृतकको सङ्ख्या पाँच लाख पाँच हजार २७९ पुगेको छ।

नयाँ सङ्क्रमितको सङ्ख्या निकै कम हुँदै गएपछि अहिले भारतमा सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या आठ लाख ९२ हजार ८२८ पुगेको छ।

सोही अवधिमा एक लाख ७२ हजार २११ कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। यससँगै अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या चार करोड १० लाख १२ हजार ८६९ पुगेको छ।

### दक्षिण कोरियामा एकैदिनमा अहिलेसम्मकै धेरै ५० हजार संक्रमित

सोल, २६ माघ (रासस/सिन्ह्वा)।
दक्षिण कोरियामा कोरोनाभाइरसबाट एकै दिनमा अहिलेसम्मकै सबैभन्दा धेरै सङ्क्रमित भएका छन्।

कोरोनाभाइरसको नयाँ भेरियन्टको रुपमा देखिएको ओमिक्रोन फैलिन थालेपछि सङ्क्रमितको सङ्ख्या अत्यधिक धेरै हुँदै गएको हो।

सरकारी अधिकारीले बुधबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा अहिलेसम्मकै सबैभन्दा धेरै सङ्क्रमित भएका छन्।

देशभरी कुल ४९ हजार ५६७ कोरोनाभाइरसबाट सङ्क्रमित भएको कोरिया रोग नियन्त्रण तथा न्युनिकरण विभागले जनाएको छ। यससँगै कोरोनाभाइरसबाट अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या ११ लाख ३१ हजार २३९ पुगेको छ।

अघिल्लो दिन भने ३६ हजार ७१९ कोरोनाभाइरसबाट सङ्क्रमित भएको विवरण सार्वजनिक भएको थियो। अघिल्लो दिनभन्दा झण्डै १३ हजार बढी सङ्क्रमित भएको देखिएको छ।

यसका आधारमा दैनिक सङ्क्रमितको बृद्धिदर पनि अत्यधिक धेरै भएको छ।

नयाँ सङ्क्रमितमध्ये ११ हजार ६३० राजधानी सोलका मात्रै रहेका छन्। कुल नयाँ सङ्क्रमितमध्ये २८५ गम्भीर अवस्थामा रहेका छन्। जबकी अघिल्लो दिन नयाँ सङ्क्रमितमध्ये १७ मात्रै गम्भीर अवस्थामा रहेका थिए।

पछिल्लो एक दिनमा दक्षिण कोरियामा २१ को कोरोनाका कारण मृत्यु भएको छ भने कुल मृतकको सङ्ख्या छ हजार ९४३ पुगेको छ।

### रुसमा एकैदिनमा एक लाख ८३ हजार संक्रमित, ६६९ को मृत्यु

मस्को, २६ माघ (रासस/एएनआई)।
रुसमा कोरोनाभाइरसबाट एकै दिनमा एक लाख ८३ हजारभन्दा बढी सङ्क्रमित भएका छन्।

सरकारी अधिकारीले बुधबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा एक लाख ८३ हजार १०३ नयाँ सङ्क्रमित भएका हुन्।

अघिल्लो दिन भने एक लाख ६५ हजार ६४३ सङ्क्रमित भएका थिए। पछिल्लो एक दिनमा कोरोनाका कारण मृतकको सङ्ख्या ६६९ रहेको सरकारी अधिकारीले जानकारी दिएका छन्।

नयाँ कुल सङ्क्रमितमध्ये २० हजार १७८ जना मात्रै अस्पताल भर्ना भएका छन्। अन्यको अवस्था भने सामन्य नै रहेकाले घरमै रहेको जनाइएको छ।

सोही अवधिमा ९७ हजार १६३ अस्पतालबाट फर्किएका छन्। नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या थोरै भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या पनि दिनप्रति दिन बढ्दै गइरहेको छ।

# रेल सञ्चालनको तयारी
# लिकबाट हाटबजार हटाउन सुरु

जनकपुर, २६ माघ (रासस)।

धनुषाको कुर्थादेखि भारतको जयनगरसम्म रेल सेवा सञ्चालन हुने निश्चित भएपछि नेपाल रेल्वे कम्पनीले रेलको लिकमा अव्यवस्थित रूपमा लाग्दै आएको हाटबजार हटाउन सुरु गरेको छ।

अगामी महिनादेखि रेल सेवा सञ्चालनको तयारी गरेको नेपाल रेल्वे कम्पनीले जनकपुरधाम उपमहानगरपालिका- १ सीता चोकस्थित रेल्वे लिकमा व्यापारीले लगाउँदै आएको दैनिक हाटबजार तत्काल हटाउन सुरु गरेको हो। जनकपुरधामसहित ठाउँ ठाउँमा रेल्वे लिकमै तरकारी हाटबजार लगाउने गरेका कारण रेल सञ्चालनमा समस्या हुने भएकाले लिकबाट हाटबजार हटाउने अभियान सुरु गरेको नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले जानकारी दिनुभयो।

“रेल्वे लिगमै हाटबजार लगाउँदै आएका छन्, जसका कारण हामीलाई रेल सञ्चालनको तयारीमा समस्या भइरहेको छ”, महाप्रबन्धक झाले भन्नुभयो, “हाटबजार रेल्वे लिकबाट अन्यत्र सार्ने विषयमा यहाँका जनप्रतिनिधि, व्यापारी र स्थानीयसँग छलफल गरेर वैकल्पिक ठाउँको खोजीसमेत भइरहेको छ।” हाटबजारका लागि जनकपुर रेल्वे स्टेशनकै छेउमा रहेको रेल्वे कम्पनीको जग्गाको निरीक्षण गरिसकेको र त्यसैलाई व्यवस्थित गरेर त्यहीं हाटबजार लगाउने विषयमा एक चरणको छलफल भएको महाप्रबन्धक झाको भनाइ छ।

खरिद गरेर पनि लामो समयदेखि सञ्चालन हुन नसकेका दुई रेल सेट नेपाल रेल्वे कम्पनीले आगामी फागुन १ गतेदेखि दैनिक जयनगरदेखि कुर्थासम्म ड्राई (बिना यात्रु) सञ्चालन गर्ने तयारी गरेको छ। “हामीले आगामी महिनाको पहिलो वा दोस्रो सातामा नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्त └ रूपमा जयनगर-कुर्था रेल सेवाको उद्घाटन गर्ने तयारी गरिरहेका छौँ”, महाप्रबन्धक झाले भन्नुभयो, “फागुन १ गतेदेखि उद्घाटन नहुँदासम्म बिना यात्रु प्रत्येक दिन एक पटक जयनगरबाट कुर्था र कुर्थाबाट जयनगरसम्म रेल चलाउँछौँ, उद्घाटन भएपछि यात्रुको टिकट काटेर नियमित रेल सेवा सञ्चालन गर्ने तयारीमा हामी छौँ।”

उद्घाटनको मिति एक दुई दिनभित्रै टुङ्गो लाग्ने भएकाले रेल सेवा नियमित सञ्चालनका लागि सबै पक्षले सहयोग गर्नुपर्ने महाप्रबन्धक झाले बताउनुभयो। रेल उद्घाटनपछि सुरुका १५ दिन दिनको एक पटक आउने र जाने गरी रेल सञ्चालन गर्ने र त्यसपछि यात्रुको चाप तथा आवश्यकता हेरेर दिनमा २/३ पटकसम्म पनि रेल सञ्चालन गर्न सकिने तयारी गरेको उहाँले बताउनुभयो।

गत २०७७ असोज २ गते भारतबाट रु ८४ करोड ६५ लाखमा खरिद गरिएका दुई सेट रेल जयनगरबाट जनकपुर ल्याएर धनुषाको जनकनन्दनी गाउँपालिकाको इनरुवामा पार्किङ गरी त्रिपाल ओढाएर राखिएको छ। लामो समयदेखि त्रिपालमुनी थन्किएका रेलको गत पुस २४ गते जयनगरदेखि कुर्थासम्म परीक्षण गरिएको थियो।

# जनता आवास कार्यक्रम प्रभावित

जनकपुर, २६ माघ (रासस)।

जनता आवास भवनको लाभग्राही सूचीमा आफ्नो पनि नाम परेको सुनेपछि सप्तरीको हनुमाननगर कङ्कालनी नगरपालिका- १ का सुरज मरिक डुमको खुसीको सीमा नै थिएन्। सप्तकोशी नदीको छेउमा रहेको कोशी पोजेक्टको बाँधमा छाप्रो हालेर वर्षौंदेखि पाँच जनाको परिवारसहित बस्दै आएका मरिकलाई पक्की घरको मालिक बन्ने भएपछि खुसीले गदगद बनायो। जनता आवासको घर बनाउने जग्गा नपाउँदा अहिले मरिक परिवार चिन्तामा छन्।

“दुई वर्षअघि जनता आवासको लाभग्राही सूचीमा तपाईको पनि नाम परेको एक जना कर्मचारीले आए सुनाउँदा त्यतिखेर खुसी गदगद भइयो”, मरिकले भन्नुभयो, “तर आफ्नो नम्बरी जग्गा नहुँदा अझै घर बन्ने सुरसार देखिदैन्।” कर्मचारीलाई आफ्नो घरबारे भन्दा जग्गा देखाइदिनुस्, घर बनाइदिन्छौं भन्ने गरेको उहाँको गुनासो छ।

छनोट भएर पनि जग्गाको अभावमा घर बन्न नसक्दा कहीँ आफ्नो घर फिर्ता त जाँदैन् भन्ने ठूलो चिन्ता लागेको मरिकले दुखेसो पोख्नुभयो। पुस्तौंदेखि एलानी जग्गामा फुसको घर बनाएर जीवन गुजारा गर्दै आएका राजविराज नगरपालिका- ६ निवासी केबल मेहतरको परिवार पनि यतिबेला ठूलो तनावमा छ। अब पक्की घरमा सुत्न पाउने आशमा रहेका उहाँको परिवारलाई यतिबेला त्यो सपना पनि पूरा नहुने हो कि भन्ने चिन्ताले पिरोलिरहेको छ।

“घर बनाउने जग्गा नपाउँदा फुसको छाप्रोबाट पक्की भवनको मालिक बन्ने आफ्नो सपना केबल सपनामै सीमित हुने हो कि भन्ने चिन्ता बढ्को छ”, मेहतरले भन्नुभयो, “चारैतिर घर बनाउन जग्गा खोज्यौं, तर कहीँ पाउन सकिएन।” जनप्रतिनिधिलाई समेत गुहारे तर जग्गा नपाएपछि निराश भएको उहाँको कथन छ।

‘‘लाभग्राहीको सूचीमा आफ्नो नाम पनि छनोट हुँदा खुसीले गदगद भएको थिएँ”, मेहतरले भन्नुभया, “तर घर बनाउन चाहिने जग्गा नहुँदा समस्या भइरहेको छ।” छनोट भएको दुई वर्ष बित्नै लाग्दासमेत जग्गा अभावमा घर निर्माण हुननसकेको उहाँको दुःखेसो छ। जग्गाको व्यवस्था मिलाइ दिन वडाध्यक्षलाई पटक-पटक ताकेदा गर्दासमेत अझै जग्गा व्यवस्थापन नभएकाले घर बन्ने वा नबन्ने भने चिन्तामा परेको उहाँले गुनासो गर्नुभयो।

यो समस्या केबल मरिक र मेहतरको मात्र होइन्। सप्तरी र सिरहाका अधिकांश दलित तथा विपन्न परिवारको समस्या हो। दलित, भूमिहीन, सुकुम्बासी परिवारको भवन निर्माणका लागि चाहिने जग्गा व्यवस्थापन हुन नसक्दा सिरहा र सप्तरीमा जनता आवास कार्यक्रम प्रभावित भएको छ। सरकारले जनता आवास कार्यक्रमका माध्यमबाट भूमिहीन, सुकुम्बासी, दलित परिवारका लागि आवास भवन बनाउन लागे पनि भवन निर्माणका लागि चाहिने जग्गा व्यवस्थापन नहुँदा अन्योल बढेको हो।

आवास भवनका लागि छनोट भएका लाभग्राहीसँग घर बनाउन जग्गा नभएको खण्डमा स्थानीय तहले जग्गा व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहले त्यसमा सक्रियता नदेखाउँदा जनता आवास कार्यक्रम निर्धारित समयमा सम्पन्न गर्न कठिनाइ भइरहेको सहरी विकास तथा भवन निर्माण कार्यालय सप्तरीका प्रमुख कृष्णदेव झाले जानकारी दिनुभयो।


# सर्वोच्च प्रशासनद्वारा दर्ता गर्न अस्वीकार

काठमाडौँ, २६ माघ (रासस)।

सर्वोच्च अदालत प्रशासनले स्थानीय तहको निर्वाचनपछि पाँचवर्षे कार्यकाल उपभोग गर्न नपाउने उल्लेख गर्दै पेस भएको निवेदन दर्ता गर्न अस्वीकार (दरपीठ) गरेको छ। सर्वोच्च अदालतका रजिष्ट्रार नारायणप्रसाद पन्थीले महोत्तरीको भङ्गाहा नगरपालिकाका प्रमुख सञ्जीवकुमार साहले पेश गर्नुभएको निवेदन दरपीठ गर्नुभएको हो।

दरपीठमा भनिएको छ, “नेपाल सरकारबाट स्थानीय तह निर्वाचन ऐन, २०७३ दफा ४(४) मा भएको प्रावधानबमोजिम नेपालका सबै स्थानीय तहको निर्वाचन मिति २०७९/०१/३० गते गर्ने गरी निर्णय भएको, स्थानीय तह निर्वाचन ऐन, २०७३ दफा ४(४) मा उपदफा (२) बमोजिम अलगअलग मितिमा सम्पन्न भएको निर्वाचन उपदफा(१) बमोजिम तोकिएको मितिमा सम्पन्न भएको मानिनेछ भन्ने प्रावधान रहेको छ।”

उक्त प्रावधान यथावत रहिरहेको अवस्थामा निर्वाचन गर्ने गरी भएको निर्णयले निवेदकको नगरप्रमुखको पाँच वर्षको कार्यकाल घटाउने प्रबल सम्भावना रहेको भनी विनाआधार प्रस्तुत निवेदन लिई आएकाले अस्वीकार गरिदिएको दरपीठमा उल्लेख छ। निर्वाचन आयोगलाई विपक्षी बनाएर साहले उक्त निवेदन पेस गर्नुभएको थियो। निवेदनमा आफूहरुको कार्यकाल छ महिना बाँकी रहेकाले त्यसअगावै हुने निर्वाचन असंवैधानिक हुने उल्लेख छ।


अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

चिसो मौसममा देखिने मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरीक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु →

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*